# स्थानीयराजपत्र-

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या २८ मितिः२०७६/०६/२७

भाग-२

## कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

# भरतपुर महानगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

कार्यपालिकाको पारित मितिः २०७६/६/०५

प्रमाणिकरण मितिः २०७६/०६/२७

कृषि व्यवसाय भरतपुर महनगरपालिकाको आर्थिक विकास कृयाकलापको महत्वपूर्ण अंगको रूपमा रहेको छ । भरतपुर महानगरपालिकामा कृषि व्यवसायलाई थप व्यवसायिक,प्रतिस्पर्धि र उत्पादन लागत घटाउन यान्त्रिकरण र प्रविधिमैत्री एवं परिवर्तित वातावरणमैत्री बनाउँदै लैजान जरूरी छ । भरतपुर महानगरपालिकाबाट सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरूलाई प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को व्यवस्था अनुरूप "भरतपुर महानगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"जारी गरेको छ ।

## परिच्छेदः १ संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "भरतपुर महानगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ ।

ख. यो कार्यविधि भरतपुर महानगरपालिको क्षेत्रभित्र लागु हुनेछ ।

ग. यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क. "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिको कार्यपालिकालाई जनाउने छ ।

ख. "प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख लाई जनाउने छ ।

ग. "उपप्रमुख" भन्नाले भरतपुर महानगरपालिकको उपप्रमुख लाई जनाउने छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

ङ. "महाशाखा प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास महाशाखाको प्रमुखलाई जनाउने छ ।

च. "आर्थिक विकास समिति" भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ ।

छ. "शाखा" भन्नाले भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखालाई जनाउने छ ।

ज. "शाखा प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा प्रमुखलाई जनाउने छ ।

झ. "अनुदान प्रस्ताव मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको अनुसूचि-१ बमोजिम गठन भएको मूल्यांकन समितिलाई जनाउने छ ।

ञ. "सेवा केन्द्र" भन्नाले एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र/पशु सेवा केन्द्र लाई जनाउने छ ।

## परिच्छेदः २ उद्देश्य

क. महानगरपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख. कृषि व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

ग. अनुदान वितरण प्रकृयालाई सरल, निस्पक्ष र पारदर्शी बनाउने ।

घ. सेवा प्रवाहको प्रकृयालाई छिटो, छरितो, सहज, सरल, निस्पक्ष बनाउने।

ङ. रासायनिक विषादिको प्रयोग व्यवस्थपन बनाउने ।

च. लाभग्राहीहरूको छनौट प्रकृयालाई स्पस्ट र पारदर्शी बनाउने।

प्रमुख

## परिच्छेदः ३

## कार्य सञ्चालन प्रकृया

३.१ निवेदन/प्रस्ताव पेश गर्नपर्ने : प्रस्तावक/निवेदकले तपसिल वमोजिमका कार्यक्रममा समावेस हुन निवेदन/प्रस्तावको साथ निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

क. साना सिंचाइ निर्माण तथा मर्मत सम्भार (बोरिङ्ग, सिचाइ कुलो मर्मत, पानी संकलन पोखरी आदि)

१. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको माग निवेदन र निर्णय ।
२. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषि सहकारीको हकमा अघिल्लो आ.वको अडिट रिपोट ।
४. करचुक्ता प्रमाणपत्र/नविकरण ।
५. सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र ।
६. सम्बन्धित वडा कार्यालय /सेवाकेन्द्रको सिफारिस ।
७. अन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रलाई प्राथमिकता दिईने छ।

ख. मेयरसँग युवा कृषक कार्यक्रम (प्रस्तावनामा आधारीत युवा लक्षित कार्यक्रमः च्याउ, मौरी, तरकारी, पुष्प, कागती खेती आदि)

१. फार्म/व्यासाय दर्ता गरेको प्रमाण पत्र ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।
३. सम्बन्धित वडा कार्यालय र सेवा केन्द्रको सिफारिस ।
४. ४० वर्ष नकाटेको युवा ।
५. वैदेशिक रोजगारीवाट फर्केकालाई प्राथमिकता दिईने छ ।

ग. श्रोत बीउ अनुदान (५०% अनुदान)

१ कृषक/कृषक समूह/उत्पादन सहकारी /फर्मको माग निवेदन / निर्णय ।
२. कृषक समूह/उत्पादन सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. सहकारीको हकमा अडिट रिर्पोट ।
४. करचुक्ता प्रमाणपत्र/नविकरण ।

घ. उन्नत बीउमा अनुदान (५०% अनुदान)

१ कृषक/कृषक समूह/उत्पादन सहकारी/ फर्मको माग निवेदन / निर्णय ।
२. कृषक समूह/ सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषि सहकारीको हकम अडिट रिर्पोट ।
४. करचुक्ता प्रमाणपत्र/नविकरण ।

ङ. कृषि यान्त्रिकिकरण कार्यक्रम

१. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको माग निवेदन र निर्णय ।
२. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. कालो सूचिमा नपरेको स्वघोषणा ।
५. सम्बन्धित वडा कार्यालय र सेवा केन्द्रको सिफारिस ।
६. कृषि सहकारीको हकमा अडिट रिपोट ।

च. बिषादी बिश्लेशणका लागि बिषादि परीक्षण ल्याब स्थापना

१. कृषि उपज बजारको माग निवेदन र निर्णय ।
२. कृषि उपज वजारको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. अडिट रिपोट।
४. करचुक्ता प्रमाणपत्र/नविकरण।
५. संघ /प्रदेश सरकार संगको सहकार्यमा संचालन गरिनेको हकमा सम्झौता पत्र।

छ. जैविक विषादि प्रबर्धनका लागि ल्याव स्थापना कार्यक्रम

१ कृषक समूह/कृषि सहकारी /कृषि फर्मको माग निवेदन र निर्णय ।
२. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषि सहकारीको हकम अघिल्लो आ.वको अडिट रिपोट ।
४. करचुक्ता प्रमाणपत्र/नविकरण ।
७. लेखा परीक्षण प्रतिवेदन ।
८. सम्बन्धित वडा कार्यालय / सेवा केन्द्रको सिफारिस ।
९. संघ / प्रदेशसंगको सहकार्यमा संचालन गरिनेको हकमा सम्झौता पत्र अनुसार ।

ज. जैविक विषादि प्रयोग प्रदर्शन तथा वितरण कार्यक्रम

१. कृषक/कृषक समूह/कृषि सहकारी /कृषि फर्मको माग निवेदन र निर्णय
२. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. करचुक्ता प्रमाणपत्र/नविकरण ।
४. लेखा परिक्षण प्रतिवेदन ।
५. सम्बन्धित वडा कार्यालय /सेवा केन्द्रको सिफारिस ।

झ. स्थानीय उत्पादनलाई प्रोत्साहन कार्यक्रम (कोसेली घर, Home stay,प्रवर्धन, हाट वजार व्यवस्थापन)

१. समूह/उत्पादनसहकारी /फर्म/ संघ/संस्थाको माग निवेदन र निर्णय।
२. समूह/उत्पादन सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. सहकारीको हकम अडिट रिर्पोट।
४. सम्वन्धित व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्र ।
५. सम्बन्धित वडा कार्यालय रसेवा केन्द्रको सिफारिस ।
६. सहकारीको हकमा लेखा परिक्षण प्रतिवेदन ।
७. Home stayदर्ता प्रमाणपत्रको प्रतिलिपि भएको संघ/संस्था/समुह/सहकारी लाई प्राथमिकता दिईने छ ।

ञ. फलफूल तथा पुष्प खेती प्रवर्धन कार्यक्रम

१. कृषक/कृषक समूह/सहकारी /फर्मको/ दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।
३. समूह/सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. सहकारीको हकम अडिट रिपोट।
५. विधालयको हकमा विधालय व्यवस्थापन समितिको निर्णय।
६. सम्बन्धित वडा कार्यालय /सेवा केन्द्रको सिफारिस ।

ट. कृषि पुर्बधार विकास कार्यक्रम

१. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको माग निवेदन र निर्णय ।
२. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषि सहकारीको हकमा अघिल्लो आ.व.को अडिट रिर्पोट ।
४. करचुक्ता प्रमाणपत्र/नविकरण ।
५. संस्थाहरूको हकमा वार्षिक साधारण सभा गरेको प्रमाण ।
६. सम्बन्धित वडा कार्यालय र सेवा केन्द्रको सिफारिस ।
७. जग्गाको लालपुर्जा /करारनामा ।

ठ. प्रबिधि प्रसार तथा आध्ययनका लागि मोडेल फर्म निर्माण

१. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको माग निवेदन र निर्णय ।
२. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषि सहकारीको हकमा अडिट रिर्पोट ।
४. विधालयको हकमा विधालय व्यवस्थापन समितिको निर्णय।

५. सहकारीको हकमा करचुक्ता प्रमाणपत्र/नविकरण ।

६. सम्वन्धित वडा कार्यालय र सेवा केन्द्रको सिफारिस ।

७. जग्गाको लालपुर्जा / करारनामा ।

ङ. मत्स्य विकास कार्यक्रम

१. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको माग निवेदन र निर्णय ।

२. कृषक समूह/कृषि सहकारी /कृषि फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. कृषि सहकारीको हकमा अडिट रिर्पोट ।

४. करचुक्ता प्रमाणपत्र/नविकरण ।

५. सम्वन्धित वडा कार्यालय / सेवा केन्द्रको सिफारिस ।

३.२ अनुदान कार्यक्रम कार्यान्वयन प्रकृयाः

क. अनुदान (नगद/वस्तुगत) का विषय उल्लेख गरी शाखाले महानगरपालिकाको वेवसाइट स्थानिय संचार माध्यमको मार्फत सूचना प्रकाशन गर्नेछ र उक्त सूचना शाखा र सेवा केन्द्रमा टाँस गरिनेछ ।

ख. प्रकाशित सूचना अनुसार कृषक/व्यवसायी/कृषक समूह/कृषि सहकारी /कृषि फर्मले तोकिए वमोजिमका कागजातहरू एवं आफ्नो व्यवसायको विस्तृत विवरण सहितको निवेदन/प्रस्तावना शाखामा पेश गर्नु पर्नेछ ।

ग. शाखाले प्राप्त प्रस्तावनाहरूको कार्य स्थलमै गएर फिल्ड भेरिफिकेसन गर्नेछ ।

घ. संलग्न प्रस्तावना/निवेदन, आवश्यक कागजात र फिल्ड भेरिफिकेसनबाट प्राप्त विवरणको आधारमा अनुसूची-१वमोजिम गठित मूल्यांकन समितिबाट अनुसूचि २ वमोजिम मूल्यांकन प्रतिवेदन तयार गरिने छ ।

ङ. मूल्यांकन समितिबाट प्रप्त भएको प्रतिवेदन महाशाखा/शाखा प्रमुख मार्फत आर्थिक विकास समितिमा पेश गरिनेछ । आर्थिक विकास समितिले लाभग्रहि छनोट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ ।साथै समितिले कार्यक्रम संचालनका क्रममा वाधा व्यवधान परेमा आवश्यक निर्णय गरि कार्यक्रम संचालन गर्न सहयोग गर्नेछ ।

च. आर्थिक विकास समितिको निर्णय पश्चात छनौट भएका लाभग्राहीको नतिजा महानगरपालिकाको वेवसाइटमा राखिनेछ र शाखा र सेवाकेन्द्रहरू मार्फत लाभग्राहीलाई जानाकारी गरिने छ ।

छ. अनुदानका लागि छनौट भएका कृषक/व्यवसायी /संघ /संस्था/कृषक समूह/कृषि सहकारी /कृषि फर्मले कार्य सञ्चालनको लागि सम्झौता गरिने छ र उक्त सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछी वडा कार्यालय/ सेवा केन्द्रको सिफारिस र आवश्यकता अनुसार शाखाबाट स्थलगत अनुगमन गरी शाखाको सिफारिसका आधारमा महानगरपालिकाले भुक्तानी दिनेछ ।

ज. विउ विजन सम्वन्धि कार्यक्रम संचालनको लागि आर्थिक विकास समितिले उन्नत / श्रोत / ह्यब्रिड विउको अधिक्तम दर रेट तोक्न सक्ने छ ।

झ.कार्यक्रमवाट उपलव्ध हुनेअधिकतम अनुदान र अनुदान प्रतिशत अनुसुचि ३ वमोजिम हुनेछ । अधिक्तम अनुदान र अनुदान प्रतिशत नतोकिएको कार्यक्रमको हममा आर्थीक विकास समितिले आवश्यक निर्णय लिने छ ।

ञ. आर्थिक विकास समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्ने छ ।

## परिच्छेदः ४
## आर्थिक प्रशासन

कार्यक्रमको लेखाँकन, कारोवार, लेखा परिक्षण गर्दा आर्थिक कार्यबिधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

## परिच्छेदः ५
## थपघट वा हेरफेर गर्न सक्ने

५.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन महानगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

५.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा, अवरोध फुकाउने प्रयोजनका लागि महानगरपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

प्रमुख

अनुसूचि १

## अनुदान प्रस्ताव मूल्यांकन समिति

| | |
|---|---|
| अध्यक्षः प्रमुख प्रशासकीय अधिकृत | १ जना |
| सदस्यः आर्थिक विकास महाशाखा प्रमुख | १ जना |
| सदस्यः महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखा | १ जना |
| सदस्यः कृषि तथा पशुपन्छी व्यवसाय विकास प्रवर्द्धन शाखा, प्रमुख | १ जना |
| सदस्य सचिवःकृषि विकास अधिकृत | १ जना |
| जम्माः | ५ जना |

मूल्यांकन समितिले आवश्यक ठहर्याएको खण्डमा बढीमा ३ जनासम्म विज्ञलाई मूल्यांकन प्रकृयामा आमन्त्रण गर्न सक्नेछ ।

अनुसूचि २

## मुल्यांकनका आधारहरु

| क स | निवेदक | वडा | मुल्यांकनका आधारहरु | | | | जम्मा (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सकृयता/ प्रस्तावना (२५) | आवश्यक निउनतम मापदण्ड र प्रकृया(२५) | सम्भव्यता( वालि विषेश र उत्पादन)( २५) | लक्षित क्षेत्र र वर्ग (२५) | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

प्रमुख

अनुसूचि ३

## आनुदन वितरण विवरण

| क.सं. | कार्यक्रम/कृयाकलापहरू | अधिक्तम अनुदान रकम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| क | **सिंचाइ कार्यक्रम** | | | |
| १ | साना सिंचाइ निर्माण तथा मर्मत सम्भार (बोरिङ्ग, सिचाइ कुलो मर्मत, पानी संकलन पोखरी आदि) | १५०००० | ८५ | कार्याविधि/ सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| ख | **साना किसान लक्षित कृषि कार्यक्रम** | | | |
| २ | मेयरसँग युवा कृषक कार्यक्रम (प्रस्तावनामा आधारीत युवा लक्षितकार्यक्रमः च्याउ, मौरी, तरकारी, पुष्प, कागती खेती आदि) | ५०००० | ५० | कार्याविधि/ सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| ३ | साना किसानका लागि कृषि ऋणमा व्याज अनुदान कार्यक्रम/विमा | १००००० | - | कार्यविधि/सम्झौता/ स्विकृत स्टिमेटवमोजिम |
| ग | बिउबिजन आत्मनिर्भर कार्यक्रम | | | |
| ४ | श्रोत बीउ अनुदान (५०% अनुदान) | २००००० | ५० | कार्याविधि/ सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| ५ | उन्नत बीउमा अनुदान (५०% अनुदान) | २००००० | ५० | कार्याविधि /सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| घ | कृषि यान्त्रिकिकरण कार्यक्रम | | | |
| ६ | कम्बाइन हार्भेष्टर, राइस ट्रान्सप्लान्टर, लेजर लेंभलर ,ट्र्याक्टर , पावर टिलर आदि | | ५०-७५ | कार्याविधि /सम्झौता/स्विकृत स्टिमेट वमोजिम |
| ङ | **रासायनिक विषादि प्रयोग न्यूनिकरण कार्यक्रम** | | | |
| ७ | बिषादी बिष्लेसणका लागि विषादि परिक्षण ल्यव स्थापना | | १०० | सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| ८ | जैविक विषादि प्रबर्धनका लागि ल्यव स्थापना कार्यक्रम | | ८५ | सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| ९ | विषादी न्यूनिकरण सम्वन्धि अन्तरक्रिया कार्यक्रम | | १०० | स्विकृत स्टिमेट वमोजिम |

| क.सं. | कार्यक्रम/कृयाकलापहरू | अधिक्तम अनुदान रकम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १० | जैविक विषादि प्रयोग प्रदर्शन तथा वितरण कार्यक्रम | | १०० | स्विकृत स्टिमेटवमोजिम |
| च | स्थानीय उत्पादनलाई प्रोत्साहन कार्यक्रम | | | |
| ११ | कोसेली घर स्थापना/निर्माण | ५००००० | ८५ | सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| १२ | स्थनीय उत्पादीतवस्तुलाई बजारिकरणमा सहयोग कार्यक्रम Branding (sticker/logo) | ५००००० | ८५ | सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| १३ | Home stay प्रवर्धन कार्यक्रम | ५००००० | ८५ | सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| १४ | एक वडा एक हाट वजार व्यवस्थापन/प्रवर्धन कार्यक्रम | २५०००० | ८५ | सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| छ | कृषियोग्य जमिनको चक्लाबन्दि गरि खेती गर्न प्रोत्साहन कार्यक्रम/खण्डीकरणनिरुत्साहित गर्ने कार्यक्रम | | | |
| १५ | करार खेति प्रर्वधन कार्यक्रम(जग्गा भाडामा लिई केरा लगाएतकाफलफूल, तरकारीखेती गर्ने) | २५०००० | ८५ | सम्झौता/स्विकृत स्टिमेटवमोजिम |
| ज | फलफूल तथा पुष्प खेतीप्रवर्धन कार्यक्रम | | | |
| १६ | फलफूलवगैचा स्थापना | २५०००० | ८५ | सम्झौता/स्विकृत स्टिमेट वमोजिम |
| १७ | फलफूल तथा पुष्प नर्सरी स्थापना | २५०००० | ८५ | सम्झौता/स्विकृत स्टिमेट वमोजिम |
| झ | कृषि पुर्बधार विकास कार्यक्रम | | | |
| १८ | संकलन केन्द्र/ प्रशोधन केन्द्र/ कोल्ड स्टोर | १०००००० | ८५ | सम्झौता/स्विकृत स्टिमेटव मोजिम |
| १९ | कृषि पुर्वाधार निर्माण (सडक लगायत) | | | |
| २० | एकीकृत विज वृद्धि कृषक समूहलाई पुर्वाधार विकास कार्यक्रम | १०००००० | ८५ | सम्झौता/स्विकृत स्टिमेट वमोजिम |

| क.सं. | कार्यक्रम/कृयाकलापहरू | अधिक्तम अनुदान रकम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| य | प्रबिधि प्रसार तथा अध्ययनका लागि मोडेल फर्म निर्माण | | | सम्झौता/स्विकृत स्टिमेट वमोजिम |
| २१ | एकिकृत मोडेल फर्म निर्माण कार्यक्रम | | ८५ | सम्झौता/स्विकृत स्टिमेट वमोजिम |
| ट | मत्स्ये विकास कार्यक्रम | | | |
| २२ | पोखरी निर्माण तथा मर्मत कार्यक्रम | २५०००० | ८५ | प्रती कठ्ठा रु १०,००० |
| २३ | माछा पालक कृषकलाई औजार उपकरण वितरण कार्यक्रम | २५०००० | ५० | सम्झौता/स्विकृत स्टिमेट वमोजिम |
| ठ | अन्य कार्यक्रम | | | |
| २४ | सिप तथा क्षमता विकास तालिम | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| २५ | कौशी खेती तालिम | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| २६ | कृषक, कृषक समुह, सहकारी तथा सरोकारवालाहरूको अबलोकन भ्रमण | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| २७ | कृषक, कृषक समुह, सहकारी तथा सरोकारवालाहरूसंग अन्तरक्रिया गोष्ठी | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| २८ | कृषि तथ्याङ्क अधावधिक तथा एप्स निर्माण कार्यक्रम | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| २९ | बजार अनुगमन (एग्रोभेट, कृषि सहकारी, विषादी खुद्रा विक्रेता, हाटबजार, तरकारी बजार) | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| ३० | कार्यक्रम अनुगमन | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| ३१ | कार्यक्रम संचालनको लागि सूचना प्रकाशन | | १०० | |
| ३२ | तरकारीसीड कीट वितरण | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| ३४ | दिवस कार्यक्रम | | १०० | स्विकृत स्टिमेट वमोजिम |

प्रमुख

| क.सं. | कार्यक्रम/कृयाकलापहरू | अधिक्तम अनुदान रकम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ३५ | ल्यापटप/मोटरसाइकल/Projector/usb camera | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| ३६ | लजिस्टिक/बिबिध | | १०० | स्विकृत स्टिमेट वमोजिम |
| ३७ | अन्य कार्यक्रम | | | कार्यविधि/सम्झौता /स्विकृत स्टिमेट वमोजिम |

नोट :कालो सूचिमा परेको फर्म /कृषक समूह / कृषि सहकारी / सघं / संस्थालाई अनुदान उपलव्ध गराईने छैन ।

प्रमुख

प्रमुख

अनुसूचि २

गोष्ठी/सेमिनार/ अन्तरक्रीय/ अभिमूखिकरण कार्यक्रम संचालनको लागि लागत स्टिमेट

| क. सं. | कार्यक्रम/क्रियाकलाप | परिमाण | दर | जम्म |
|---|---|---|---|---|
| १. | व्यानर | १ | १०००.०० | १०००.०० |
| २. | संयोजक भत्ता | १ | ४००.००० | ४००.०० |
| ३. | स्टेसनरी | ५० | १००.०० | ५०००.०० |
| ४. | कार्यपत्र तयारी तथा प्रस्तुतिकरण | ४ | १५००.०० | ६०००.०० |
| ५ | उदघाटन खर्च | एकमुष्ठ | | २०००.०० |
| ६. | सहभागी यातायात खर्च | ५० | २००.०० | १००००.०० |
| ७. | खाजा खर्च | ५० | २००.०० | १००००.०० |
| ८. | साउण्ड सिस्टम सेट खर्च | १ | ५०००.०० | ५०००.०० |
| ९. | हलभाडा खर्च (दिन) | १ | ४०००.०० | ४०००.०० |
| १०. | समापन खर्च | एकमुष्ठ | | २०००.०० |
| ११. | टिप्पणी कर्ता | २ | १००० | २०००.०० |
| १२. | विविध | एकमुष्ठ | | १३५०.०० |
| १३. | प्रतिवेदन | १ | १००० | १०००.०० |
| १४. | सहयोगी भत्ता | १ | १५० | २००.०० |
| | | | जम्मा | ५००००.०० |

प्रमुख

प्रमुख

अनुसूचि ५

सिप तथा क्षेमता विकास तालिम/कौशी खेती तालिम संचालनको लागि लागत स्टिमेट

| क. सं. | कार्यक्रम/क्रियाकलाप | परिमाण | दिन | दर | जम्म |
|---|---|---|---|---|---|
| १. | व्यानर | १ | | १०००.०० | १०००.०० |
| २. | संयोजक भत्ता | १ | ३ | ४००.००० | १२००.०० |
| ३. | स्टेसनरी | ३० | | १००.०० | ३०००.०० |
| ४. | कार्यपत्र तयारी तथा प्रस्तुतिकरण | ४ | ३ | १५००.०० | १८०००.०० |
| ६. | सहभागी यातायात खर्च | ३० | ३ | २००.०० | १८०००.०० |
| ७. | खाजा खर्च | ३५ | ३ | २००.०० | २१०००.०० |
| ८ | सहयोगी भत्ता | १ | ३ | १५०.० | ६००.०० |
| ९ | प्रतिवेदन | एकमुष्ठ | | | २०००.०० |
| १० | तालिम सामाग्री | एकमुष्ठ | | | १४२५०.०० |
| ११ | उद्घघाटन खर्च | एकमुष्ठ | | | २०००.०० |
| १२ | समापन खर्च | एकमुष्ठ | | | २०००.०० |
| १३ | विविध (प्रमाणपत्र, आदि) | एकमुष्ठ | | | २०००.०० |
| | | | | जम्मा | १०००००.०० |

प्रमुख

प्रमुख

अनुसूचि ६

स्थलगत घुम्ती तालिम लागत स्टिमेट

| क. सं. | कार्यक्रम/क्रियाकलाप | परिमाण | दिन | दर | जम्म |
|---|---|---|---|---|---|
| १. | व्यानर | १ | | १०००.०० | १०००.०० |
| २. | स्टेसनरी | ३० | | १००.०० | ३०००.०० |
| ३. | कार्यपत्र तयारी तथा प्रस्तुतिकरण | ४ | १ | ७००.०० | २८००.०० |
| ४. | खाजा खर्च | ३५ | १ | २००.०० | ७०००.०० |
| ५ | हलभाडा खर्च | १ | १ | २०००.० | २०००.०० |
| ६. | सहयोगी भत्ता | १ | १ | १५०.०० | २००.० |
| ७. | प्रतिवेदन | एकमुष्ठ | | | १०००.० |
| ८. | तालिम सामाग्री (विउ,वेर्ना,साना,औजार) | एकमुष्ठ | | | २५००.० |
| ९. | विविध (व्राउन पेपर, मार्कर,मास्किन टेप, मेटा काड अन्य) | एकमुष्ठ | | | ५५०.० |
| | | | | जम्मा | २००००.०० |

प्रमुख

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

प्रमुख

अनुसूचि ७

अवलोकन भ्रमणको लागत स्टिमेट

| क. सं. | कार्यक्रम/क्रियाकलाप | परिमाण | दिन | दर | जम्म |
|---|---|---|---|---|---|
| १. | स्टेसनरी | ३० | | १००.०० | ३२००.०० |
| २. | दैनिक भ्रमण भत्ता | | | | |
| २.१ | कृषक/सरोकारवालाहरु | १२ | ४ | १००.०० | ४८०००.० |
| २.२ | कर्मचारी | १० | ४ | १६००.० | ६४०००.० |
| २.३ | जनप्रतिनिधि | १० | ४ | १६००.० | ६४०००.० |
| ३. | खाजा खर्च | ३२ | ४ | २००.०० | २५६००.० |
| ४. | सहयोगी भत्ता | १ | ४ | १५०.० | ६००.० |
| ५. | प्रतिवेदन | एकमुष्ठ | | | १०००.० |
| ६. | व्यानर | १ | १ | १०००.०० | १०००.० |
| ७ | भ्रमण साधन (डिलक्स वस/भ्यान) | १ | ४ | २२०००.० | ८८०००.० |
| ८. | संयोजक | १ | ४ | ४००.० | १६००.० |
| ९. | विविध | एकमुष्ठ | | | ३०००.० |
| | जम्मा | | | | ३०००००.०० |

आज्ञाले

.......................

(नेत्रप्रसाद सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख